# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चन्द्रौटा, कपिलवस्तु
## लुम्बिनी प्रदेश

पत्र संख्याः ०८२/०८३
चलानी नम्बरः

मिति : २०८२।०७।१२

श्री सम्बन्धित (सबै)
शिवराज नगरपालिका, कपिलवस्तु ।

विषयः-वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि निवेदन दिने वारेको सूचना।

प्रस्तुत विषयमा वैदेशिक रोजगार बोर्डको सचिवालयको मिति २०८२।०७/०३ गतेको प्रकाशित सूचना अनुसार बैदेशिक रोजगार सन्तती पहिले देखिनै छात्रवृत्ति प्राप्त गरी रहेका छात्र/छात्राहरू र आ.व. २०८२।०८३ मा पहिलो पटक छात्रवृत्ति प्राप्त गर्ने छात्र/छात्राहरूले अनुसूची १ बमोजिमको निवेदन र अनसूची २ बमोजिमको विद्यालयको सिफारिस सहित सूचनामा उल्लेखित सम्पूर्ण कागजात नगरपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखामा मिति २०८२ मंसिर ७ गतेसम्म पेश गर्नुहुन सरोकारवालाहरू सबैलाई जानकारी लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np

नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं ।

# वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि निवेदन दिने बारेको सूचना

**सूचना प्रकाशित मिति: २०८२/०७/०३**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारका गई तोकिएको अवधि भित्र मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आफू अध्ययनरत रहेकै शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसूची (१) बमोजिमको ढाँचामा २०८२ साल कार्तिक मसान्तभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. विद्यार्थीले निवेदन पेश गर्ने तरिका:** २०८२ कार्तिक मसान्तभित्र आफू अध्ययनरत विद्यालयमा कार्यविधिको अनुसूची - १ बमोजिमको ढाँचामा, विद्यार्थीको स्थायी ठेगाना अन्यत्र भए पनि नाता प्रमाणित लगायत वडा कार्यालयबाट गर्नुपर्ने कागजात आफ्नो स्थानीय तहबाट बनाई अध्ययनरत विद्यालयमा छात्रवृत्तिको निवेदन पेश गर्नुपर्ने ।

**अ) पहिले देखिनै छात्रवृत्ति पाइरहेका छात्र/छात्राहरुले पेश गर्नु पर्ने कागजात:**

क) अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन,
ख) कामदारको राहदानीको प्रतिलिपि,
ग) अध्ययन गरीरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
घ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि) ।

**आ) आ. व. २०८२/०८३ मा पहिलो पटक छात्रवृत्ति प्राप्त गर्ने छात्र/छात्राहरुले पेश गर्नु पर्ने कागजात:**

क) अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन,
ख) कामदारको राहदानीको प्रतिलिपि,
ग) अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
घ) जन्मदर्ताको प्रतिलिपि,
ङ) अभिभावकको नागरिकताको प्रतिलिपि,
च) कामदार, अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,
छ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि) ।

**२. छात्रवृत्ति प्राप्त गर्ने लक्षित वर्ग:**

- श्रम स्वीकृति लिई वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु वा अंगभंग वा विरामी भई वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी, (शतप्रतिशत आर्थिक सहायता भन्नाले २०६५/७/१८ देखि २०६८/२/१९ सम्म रू. १ लाख, २०६८/२/२० देखि २०७१/६/३० सम्म रू. १ लाख ५० हजार, २०७१/६/३१ देखि २०७४/४/१५ सम्म रू.३ लाख, २०७४/४/१६ देखि २०८१/०७/०७ गते सम्म रू ७ लाख र २०८२/०८/०८ गते देखि निवेदन दिने अन्तिम मिति सम्म रू. १० लाख प्राप्त गरेको हुनुपर्ने । मृत्यु वा अंगभंग भएको तर आर्थिक सहायता/क्षतिपूर्ति बापत पूर्ण रकम प्राप्त नगरेका लाभग्राहीलाई यो छात्रवृत्ति प्राप्त नहुने) ।
- नेपालको जुनसुकै सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालबालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- मिति २०८२ असोज मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालबालिकालाई मात्र शैक्षिक सत्र २०८२ को छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**३. छात्रवृत्तिको रकमको सीमा:**

- वार्षिक रूपमा आधारभूत तहमा अध्ययनरतका लागि रू. १२,०००। (बाह्र हजार) र माध्यमिक तहका लागि रू. १६,०००। (सोह्र हजार) प्रदान गरिने छ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रूपमा एकमुष्ट छात्रवृत्ति रकम सीधै बैंक खाता मार्फत उपलब्ध गराइनेछ । एउटा कामदारका जति संख्यामा योग्यता पुगेका सन्तती भए पनि सहायता उपलब्ध हुनेछ ।

**४. विद्यार्थी एवं अभिभावकको जिम्मेवारी:**

- सूचना प्राप्त भएपश्चात कार्यविधि अध्ययन गरी सो बमोजिमका सम्पूर्ण कागजात तयार गरी सम्बन्धित विद्यालयमा निवेदन पेश गर्ने ।

**५. विद्यालयको जिम्मेवारी:**

- सम्बन्धित सबै विद्यार्थी तथा अभिभावकलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धी सूचना प्रवाह गर्ने र संकलन गर्ने ।
- विद्यार्थी अध्ययनरत कक्षा खुल्ने सिफारिस प्रदान गर्ने ।
- संकलित निवेदन अनुसूची -२ बमोजिमको ढाँचामा तयार गरी २०८२ मसिर ७ गतेभित्र सम्बन्धित स्थानीय तहमा पठाउने ।

**६. स्थानीय तहको जिम्मेवारी ।**

- विद्यालयबाट प्राप्त वैदेशिक रोजगार छात्रवृत्ति सिफारिस गर्ने कार्यविधिको दफा ७(५) बमोजिम शिक्षा समितिको निर्णय गराउने ।
- सचिवालयको अनलाईन प्रणाली (Foreign Employment Welfare Information Management System–FEWIMS) प्रयोग गर्ने स्थानीय तहबाट तोकिएका फोकल पर्सन मार्फत २०८२ पुष मसान्तभित्रमा प्रविष्ट गर्ने व्यवस्था मिलाउने ।

**नोट: थप जानकारीका लागि श्रम कल सेन्टरको निःशुल्क सम्पर्क नम्बर ११४१ मा सम्पर्क गर्न सकिनेछ ।**

CS Scanned with CamScanner

**अनुसूची-२**
(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)
**विद्यालयको सिफारिसको ढांचा**

मिति : ...............

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
...................पालिका ,............।

**विषय : सिफारिस सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

संलग्न कागजात

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,
(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,
(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा**

मिति : ..................

श्री प्रधानाध्यापकज्यू

...........................

**विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ........................... मा ......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

संलग्न कागजातहरू

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्बर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

निवेदक

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं